# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- २०८२/०८३

च. नं. :-

मिति:२०८३।०३।३१

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धि अत्यन्त जरुरी सूचना !!!

सामाजिक सुरक्षा (तेस्रो संसोधन) नियमावली २०८२ को नियम (९) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ताको परिचयपत्र प्रत्येक आ.व. श्रावण १ गते देखि असोज मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति स्वयं उपस्थीत भई सम्बन्धित वडा कार्यालयमा गई निवेदन दिनु पर्ने व्यबस्था भएकोले गन्यापधुरा गाउँपालिकाका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा स्वयं उपस्थित भई मिति २०८३ श्रावण १ गते देखि असोज मसान्त भित्र **बायोमेट्रिक भेरिफिकेशन** सहितको सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नहुन सम्पूर्ण लाभग्राहीहरुमा अनुरोध छ। साथै, **९० वर्ष माथीका जेष्ठ नागरीक, पूर्ण अपाङ्गता (क वर्ग)भएका व्यक्ति र बालबालिकाको** हकमा निज व्यक्तिहरुको बुवा,आमा संरक्षक (माथवर) वा स्याहार सुसार गर्ने ब्यक्ति उपस्थित भई आवश्यक कागजात सहित सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न / गराउन हुन जानकारी गरिन्छ।

**दिलिप कुमार तामाङ**
**प्रमुख प्रशासकीय अधिकृत**

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु:**

| क्र.सं. | सामाजिक सुरक्षा भत्ताको किसिम | आवश्यक कागजातहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य र दलित जेष्ठ नागरिक | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि।<br>• राष्ट्रिय परिचयपत्र तथा परिचयपत्र नम्बर।<br>• नविकरणका लागि (अनुसूची ३) को निवेदन |
| २ | जेष्ठ नागरिक एकल महिला र विधवा | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि।<br>• राष्ट्रिय परिचयपत्र तथा परिचयपत्र नम्बर।<br>• नविकरणका लागि (अनुसूची ३) को निवेदन<br>• श्रीमानको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>• अर्को विवाह नगरि बसेको सिफारिस। |

| | | |
|---|---|---|
| ३ | 'ख' वर्ग अपाङ्गता | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि ।<br>• राष्ट्रिय परिचयपत्र तथा परिचयपत्र नम्बर ।<br>• नविकरणका लागि (अनुसूची ३) को निवेदन<br>• अपाङ्गता परिचयपत्रको प्रतिलिपि । |
| ४ | ९० वर्ष माथीका जेष्ठ नागरिक | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि ।<br>• नागरिकताको प्रतिलिपि ।<br>• संरक्षकको राष्ट्रिय परिचयपत्र नम्बर तथा नागरिकताको प्रतिलिपि ।<br>• संरक्षकको लागि (अनुसूची २) को सिफारिस । |
| ५ | 'क' वर्ग अपाङ्गता | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि ।<br>• संरक्षकको राष्ट्रिय परिचयपत्र नम्बर तथा नागरिकताको प्रतिलिपि ।<br>• अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।<br>• संरक्षकको लागि (अनुसूची २) को सिफारिस |
| ६ | बाल पोषण भत्ता | • सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि ।<br>• बच्चाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।<br>• संरक्षकको राष्ट्रिय परिचयपत्र नम्बर तथा नागरिकताको प्रतिलिपि ।<br>• संरक्षकको लागि (अनुसूची २) को सिफारिस |

**नोटः- तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगरेमा सामाजिक सुरक्षा भत्ता पाईने छैन ।**

**बोधार्थः-**
**श्री वडा कार्यालय सबै, सूचना अनुसार गर्न / गराउन हुन ।**

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

### (दफा ३ को उपदफा (७) र दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

### (संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको सिफारिस)

यस ........ पालिका वडा नं .... स्थायी बसोबास गर्ने लाभग्राही परिचय पत्र नं. ...., ....... किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने श्री .......................नब्बे वर्ष उमेर माथिको/असक्त/बालबालिका वर्गको लाभग्राही भएको हुनाले निजलाई निम्न व्यहोराको संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्ति आवश्यक पर्ने हुनाले सोही व्यहोरा सिफारिस साथ अनुरोध छ।

तपसिलः-

| | |
|---|---|
| नाम, थरः-.......................<br>ठेगानाः- .......................<br>लाभग्राहीसँगको नाताः- .....................<br>सम्पर्क मोबाईल नं.- ..................<br>राष्ट्रिय परिचयपत्र नं.- ....................<br>नागरिकता प्रमाणपत्र नं.-........<br>नागरिकता जारी जिल्लाः-......................<br>हस्ताक्षरः- ........................ | वडाध्यक्षको नाम, थरः<br>हस्ताक्षरः-.....<br>मितीः- .....<br>वडा कार्यालयको छापः- |

नेपाल सरकार
गृह मन्त्रालय

अनुसूची-३

(दफा ७ को उपदफा (१)सँग सम्बन्धित)

परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा

मितिः

विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।

श्री नगर प्रमुखज्यू/अध्यक्षज्यू,
.......................... गाउँपालिका/नगरपालिका,
वडा नं .......
जिल्ला ..................
प्रदेश ...................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

साठी वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

नाम थरः-      लिङ्गः-

लक्षित समूहः-      सामाजिक सुरक्षा परिचयपत्र नंः-

राष्ट्रिय परिचयपत्र नंः-      सम्पर्क मोबाइल नंः-

दस्तखतः-      मितिः-